# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १६**

मिति २०८०।०९।२५

## छलफल तथा निर्णय

निर्णयहरु :

१. अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिको सभापति पदमा माननीय घनश्याम चौधरीज्यू निर्विरोध निर्वाचित भई सभापति पदको शपथ ग्रहण समेत भएकोले वहाँलाई यस समितिका माननीय सदस्य र समिति सचिवालयका तर्फबाट बधाई र सफल कार्यकालको कामना गर्दै सभापतिको पदभार ग्रहण गराईयो ।

२. सुदूरपश्चिम प्रदेश सभाबाट मिति २०८०।०२।०६ गते अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिको गठन भएपश्चात समितिका माननीय सदस्य मान बहादुर रावलले मिति २०८०।०२।१४ गते बसेको पहिलो बैठकमा ज्येष्ठ सदस्यको हैसियतले सभापतित्व ग्रहण गरी समितिका काम कारवाही सम्पन्न गर्दै आजसम्म बैठक सञ्चालन गर्नुभएकोमा माननीय मान बहादुर रावललाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

३. सुदूरपश्चिम प्रदेश सरकारले सम्वत २०८० फाल्गुण २३ र २४ गते कैलालीको धनगढीमा आयोजना गर्न लागेको "सुदूरपश्चिम लगानी तथा विकास सम्मेलन" सम्बन्धमा उक्त सम्मेलनको खाका, अवधारणा र सम्मेलनका लागि सरकारको तयारी के छ ? लगायतका सवाल बारे समितिलाई सुसूचित गराउन र सो सम्बन्धी आवश्यक छलफल गर्नका लागि आर्थिक मामीला मन्त्रीलाई मिति २०८०।०९।२८ गते दिउँसो ०२:०० बजे बस्ने समितिको बैठकमा बोलाउने निर्णय गरियो ।